# गोविन्दबहादुर मल्ल 'गोठाले'का "मालिकको कुकुर" कथामा सबाल्टर्न (अवरजन)

❋ सर्मिला बुढाथोकी

**budhathokisharmila@gmail.com**

**अध्ययन सार**

*प्रस्तुत अध्ययन गोविन्दबहादुर मल्ल 'गोठाले'का "कथैकथा" कथासङ्ग्रहमा समाविष्ट "मालिकको कुकुर" कथाको सबाल्टर्न अध्ययनमा केन्द्रित छ। "मालिकको कुकुर" 'गोठाले'द्वारा सामाजिक यथार्थवादी चिन्तनमा आधारित रहेर लेखिएको कथा हो। यस कथामा मूलतः प्रभुत्वशाली संस्कृतिले अवरजन भनी किनारीकृत बनाइएको सानु (नोकर) को अवस्थालाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ। 'सबाल्टर्न' शब्द सर्वप्रथम मार्क्सवादी लेखक अर्थात् सांस्कृतिक विश्लेषक ग्राम्सीको विचारबाट लिइएको हो। दबिएका र दबाइएका आवाजलाई केन्द्रमा ल्याउनु नै मुख्य उद्देश्य रहेको सबाल्टर्न अध्ययन कुनै पनि कृति विश्लेषणका लागि आज एक महत्त्वपूर्ण सिद्धान्त बनेको छ। रञ्जित गुहाको नेतृत्वमा दक्षिण भारतबाट उदाएको सबाल्टर्न अध्ययनले पेसा, क्षेत्र, धर्म, हैसियत, शारीरिक अवस्था, वर्ग, उमेर, लिङ्ग आदिका आधारमा उपेक्षित व्यक्तिहरूको समूहलाई जनाउँछ। समाजमा शक्तिकेन्द्रमा रहेकाबाट श्रमजीवि वर्गलाई सधैँ किनाराकृत पारिएको छ। परिणामस्वरूप जुन वर्ग सदियौँदेखि अत्यन्त पछौटे जीवन व्यथित गर्न विवश छन्। उनीहरूको आवाज सधैँ दमित गरिनुका साथै समाजमा इतिहास विहिन, शक्तिहीन भएका हुन्छन्। यी र यस्तै विषयवस्तुलाई केन्द्रमा राखेर गरिने रचनाहरू नै सबाल्टर्नपरक रचना हुन्। प्रस्तुत अध्ययनमा सबाल्टर्नसम्बन्धी यिनै आधारभूत मान्यता र सिद्धान्तका आधारमा उक्त कथामा वर्गीय अवस्था, वर्ग संस्कृति र प्रतिरोधको चेतनालाई हेरिएको छ। यहाँ सबाल्टर्न अध्ययनको खोजी गर्ने क्रममा समाजमा अवरजन कसरी शोषित, पीडित हुँदै आइरहेका छन् र त्यसलाई उनीहरू किन चुपचाप सहन्छन् भन्ने यावत् कुराहरूको अध्ययन गरिएको छ। यसका साथै कथाको अन्त्यमा श्रमजीवी वर्गमा उदाउँदै गरेको प्रतिरोधी चेतना र अवरजनप्रति कृतिकारको दृष्टिकोण पनि केलाएको छ। यिनै विषयमा केन्द्रित भएर निर्धारित कथालाई विश्लेषण गरेर हेर्दा सबाल्टर्न अध्ययनका दृष्टिले उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ। प्रभुत्वशाली वर्ग संस्कृति र सबाल्टर्नका प्रतिरोधी चेतनालाई उजागर गरिएको प्रस्तुत लेखमा निम्न वर्गीय चरित्रका परिचित सानुको दमित, सुषुप्त र छरिएका विचारलाई कलात्मक रूपमा प्रस्तुत गरिएको छ।*

**प्रमुख शब्दावली** : अवरजन, प्रभुत्वशाली, उत्पीडन, सीमान्तकृत र विद्रोह।

## विषयपरिचय

गोविन्दबहादुर मल्ल 'गोठाले' (१९७९-२०६७) आधुनिक नेपाली साहित्यका एक महत्त्वपूर्ण प्रतिभा हुन्। उनले कथा, नाटक र एकाङ्की विधामा रचना गरेका छन्। उनको छ दशक लामो यात्रामा प्रकाशित कथा सङ्ग्रहहरूमा (२००३), कथैकथा (२०१६), प्रेम र मृत्यु (२०३९), बाह्रकथा सङ्ग्रह (२०५२), जङ्गबहादुर र हिरण्यगर्भकुमारी (२०६१) प्रकाशित भएका छन्। उनी समाजमा रहेका विभिन्न अवस्थाका मानिसका मनोदशा र घटनालाई यथार्थ रूपमा प्रस्तुत गर्दै सामाजिक परम्परालाई प्रष्ट रूपमा देखाउने कथाकारको रूपमा चिनिन्छन्। गोठालेका धेरैजसो कथाको विषय नेपाली समाज र मनोविज्ञान रहेको पाइन्छ। कथाका माध्यमबाट समाज, सामाजिक, विषयवस्तु र मनोवैज्ञानिक पक्षको यथार्थ चित्रण गर्न सफल गोठालेका कथाकारिता गुणस्तरको दृष्टिले उत्कृष्ट रहेको पाइन्छ। गोविन्दबहादुर मल्ल गोठालेका सबै कथासङ्ग्रह उनलाई कथाकार तथा साहित्यकारको विशिष्ट पहिचान गराउने कृतिका रूपमा रहेका छन्। मूलतः गोठाले आधुनिक नेपाली समाज र सामाजिक विषयवस्तुलाई न्यायपूर्ण ढङ्गले उठान गर्न सक्ने क्षमता भएका कथाकार हुन्। साथै उनी सामाजिक चिन्तनलाई आफ्ना कथाहरूमा निष्ठापूर्वक उतार्न प्रतिबद्ध रहने कथाकारका रूपमा परिचित छन्। उनका कथा समाज तथा सामाजिक विषयवस्तुलाई समेटिएर रचिएका छन्। ती कथाले समाजमा पिछडिएका, दबाइएका, पीडित वर्ग, आवाजविहीन

भएका या पारिएका समुदाय आदिको चित्रण गरिएको छ। साथै शोषित, किनारीकृत र राज्यको मूलधारबाट हटाइएका समाजमा आफ्ना विचारहरू राख्नबाट वञ्चित वर्गका कथा प्रस्तुत गरिएको छ। अर्थात् सदियौँदेखि इतिहासविहीन, शक्तिहीन भएर बाँच्न विवश पारिएका कष्टकर सामाजिक जनजीवनका पाटाहरूलाई देखाइएको छ। यसरी हेर्दा 'गोठाले' सबाल्टर्नका पीडालाई कथामा समेट्ने कथाकारका रूपमा देखिएका छन्। उनका कथामा सबाल्टर्न वर्गका आवाज प्रबल रूपमा उठेको पाइन्छ।

पछिल्लो समयमा आफ्नो अध्ययन अनुसन्धानलाई विश्वव्यापी बनाउँदै गइरहेको सबाल्टर्न अध्ययनले नेपालमा पनि आफ्नो बर्चस्व जमाइसकेको छ। विभिन्न साहित्यिक कृति विश्लेषणको महत्त्वपूर्ण अवधारणा बनिसकेको छ। विभिन्न विधा, शीर्षक तथा कृतिमा सबाल्टर्न अध्ययन भइसकेको तथ्यहरू रहेका छन्। यसै सन्दर्भमा अनुसन्धान गरी पूर्वकार्यलाई केलाएर हेर्दा आजसम्म गोठालेका कृतिहरूममा अन्य विभिन्न सिद्धान्त तथा अवधारणामा अध्ययन भए तापनि सबाल्टर्नका दृष्टिले विश्लेषण भएको पाइँदैन। त्यसकारण यस लेख सबाल्टर्न अध्ययनमा आधारित रही आफैँमा औचित्यपूर्ण भएको पुष्टि हुन आउँछ। यसै औचित्यलाई पुष्टि गर्ने क्रममा 'गोठाले' का कृतिमा सबाल्टर्न तथा सीमान्तीयता भएका कथामध्ये 'कथैकथा' (२०१६) कथासङ्ग्रहमा समाविष्ट "मालिकको कुकुर" कथा सबाल्टर्नका दृष्टिले अध्ययन अनुसन्धान गर्नु ज्यादै प्रभावकारी तथा उपयोगी देखिन्छ। मूलधारको प्रवाहभन्दा बाहिर रहेका वर्गीय, जातीय, लैङ्गिक वर्गका किनारीकृत अवस्थालाई सङ्केत गर्ने सबाल्टर्न अध्ययनले यो पछिल्लो समयमा विशेषतः तल्लो दर्जाका व्यक्ति, समूह वा समुदायलाई बुझाउँछ। त्यसकारण पनि गोठालेका यस कथामा सबाल्टर्न तथा सीमान्तीयता वर्गका अवस्थालाई के कसरी प्रस्तुत गरिएको छ ? आफ्नो दमित आवाजलाई शक्ति केन्द्रमा ल्याउन पीडित वर्गले के कस्ता विरोध, प्रतिकार गरेका छन् ? उनीहरूको आवाज आफैँ बोलेका छन् या अरू कसैले बोलिदिनु परेको छ ? यी र यस्तै विषयवस्तुहरूको समस्या उठान गर्नु नै यस समालोचनात्मक लेखको मुख्य समस्या हो। यही समस्यामा केन्द्रित भई कथामा रहेको प्रभुत्वशाली संस्कृति, प्रतिरोधको चेतना र वर्गीय अवस्थालाई सूक्ष्म रूपमा विश्लेषण गरी समस्या समाधानको निष्कर्षमा पुग्नु प्रस्तुत अनुसन्धानात्मक लेखको उद्देश्य हो।

**सबाल्टर्नको सैद्धान्तिक पर्याधार**

अङ्ग्रेजी शब्द सबाल्टर्नको अर्थ आवाजहीन, इतिहासहीन, निर्धो, पिछडा, सर्वहारा, सीमान्तकृत अर्थात् सदियौँदेखि किनाराकृत वर्गलाई बुझाउँछ। यसको पर्यायको रूपमा नेपली भाषामा अवरजन भनिन्छ। सर्वप्रथम इटालीका मार्क्सेली स्वतन्त्र चिन्तक आन्तोनियो ग्राम्सीले वर्गसंघर्षको सिद्धान्तमा सबाल्टर्न पहिचानको बारेमा विचार बुन्न थाले। दक्षिण एसियाका सबाल्टर्न अध्ययनका इतिहासकार रञ्जिन गुहाले ग्राम्सीको उक्त विचारलाई सबाल्टर्न अध्ययनका लागि ऐतिहासिक महत्त्वपूर्ण मोडका रूपमा प्रयोग गरे।

सबाल्टर्नको अवधारणा ग्राम्सीबाट स्पष्ट रूपमा लिइएको हो। अवरजन अर्थात् सबाल्टर्नको इतिहास लेखनबारे ग्राम्चीको विचारलाई के. शिवरामकृष्ण जस्ताको तस्तै यसरी प्रस्तुत गर्छन् : जसको लागि किसान एक जीवित शक्ति थियो। उनले लोकप्रिय विश्वास र लोकगाथामा प्रकट भएका किसानहरूका सबाल्टर्न चेतनाको खुराक परीक्षण गर्न सिफारिस गरे। ग्राम्सी (१९७१) मा लेख्छन् : यो एक यस्तो धारणा हो। जो एक व्यक्तिको मस्तिष्कमा पनि टुक्रा, टुक्रा हुन्छ। ग्राम्सीले किसान विचार धारालाई विचित्र संयोजनमा विभिन्न धारणामा एकसाथ बाँधेर आकस्मिक निर्माणबाट उत्पन्न भएको भनी वर्णन गर्छन् (के. शिवरामकृष्ण, सन् २०१६, पृ. २२०)। शिवराम अझ स्पष्ट पार्दै भन्छन्, "ग्राम्सीले आग्रह गरेको अनुसन्धानको कार्यक्रमले ऐतिहासिक अभिलेख पूर्ण रूपमा सबाल्टर्न वर्गमा थप स्थिरता, एकता र राजनीतिक चेतना पाउन सकिन्छ, विश्वासमा आधारित उक्त एजेण्डालाई दक्षिण एशियामा सबाल्टर्न अध्ययनका लागि स्पष्ट रूपमा राखिएको छ" (पृ. २२०)।

यसरी आन्तोनियो ग्राम्सीबाट लिइएको अवरजन अर्थात् सबाल्टर्न शब्दको गहिरो प्रभाव युरोप र दक्षिण एसियामा पऱ्यो। परिणाम स्वरूप सन् १९७० को अन्त्यमा सबाल्टर्न अध्ययनले इङ्ल्याण्डमा आफ्नो प्रभावशाली करियर सुरु गऱ्यो। तत्पश्चात् अंग्रेजी र भारतीय इतिहासकारहरूको एउटा सानो समूहले सबाल्टर्नका बारेमा भारतमा नयाँ जर्नल खोल्ने प्रस्ताव ल्यायो। उक्त प्रस्तावलाई "साउथ एसियन इतिहास" नामक जर्नल तीन (३) खण्डमा प्रकाशित गर्न अक्सफोर्ड विश्वविद्यालय

छापाखाना नयाँ दिल्ली सहमत भयो। परिणाम स्वरूप सबाल्टर्न/अवरजन अध्ययन समुह (सबाल्टर्न स्टडिज ग्रुप, १९८२) को स्थापना भयो। इतिहासविद् रञ्जित गुहाको सम्पादन र नेतृत्वमा प्रत्येक खण्डहरू प्रकाशन भए। उक्त समूहको बारेमा डेभिड लुडेन् भन्छन्: "जब रञ्जित गुहा (१९८९) मा सम्पादन क्षेत्रबाट अवकाश भए त्यसबेला सम्ममा उनी लगायत उनका समूहका आठ (८) सहकर्मीहरूले चौंतीस (३४) खण्डमा सत्चालीस (४७) वटा सबाल्टर्नसम्बन्धी निबन्ध लेखिसकेका थिए। क्रमशः (१९९३) सम्मका सबाल्टर्न सम्बन्धी पन्ध्र (१५) वटा किताब लेखियो। अझै पनि उनका बुद्धिमतापूर्ण नेतृत्वमा गठन भएको आठ (८) वटा संस्थाहरू सक्रिय रहेका छन्। आजसम्म एघार (११) खण्डहरू प्रकाशित भइसकेका छन् (लुडेन, सन् २०१६, पृ. १)।

दक्षिण एशियाली समाजको इतिहास लेखन विषयसँग केन्द्रित सबाल्टर्न अध्ययनले पहिलो शृङ्खलामानै गुहाको औपनिवेशिक भारत किसान विद्रोहका प्राथमिक पक्षहरूलाई प्रमुख सन्दर्भ बनाएको छ। सम्भ्रान्तवर्गका कठोर शक्ति प्रयोगले सबाल्टर्नलाई इतिहासका पानाबाट बाहिर हुत्याएको अवस्थामा सन् १९६० र १९७० को दशकतिर नै इतिहासविद् रञ्जित गुहाले सबाल्टर्न प्रतिनिधित्वको मुद्दामा आफू र आफ्नो समूहको ध्यानाकर्षण गराई सकेका थिए। उक्त अवधिमा लेखक तथा विद्वान्वर्गहरूले आ-आफ्ना निबन्धका लेखहरूमा किसानहरू, कृषिमजदुर, कारखानाका कामदारहरू र आदिवासीको सर्वेक्षण र अधीनस्थ समूहको समावेश गरी शृङ्खलाबद्ध योगदान दिएका थिए। जुन योगदान आज सबाल्टर्न अध्ययनका लागि सैद्धान्तिक परिक्रमाका दायराभित्र पर्दछन्।

सबाल्टर्न अध्ययनको बारेमा रञ्जित दास गुप्ता भन्छन् : सबाल्टर्न अध्ययन किसान, मजदुर, गरिब वा आमजनताको प्रतिस्थापन मात्र होइन अधीनता वा अधीनताको द्वन्द्वात्मक सम्बन्धलाई निहित गर्ने अवधारणा हो (गुप्ता, सन् २०१६, पृ. १०९)। हुनतः मार्क्सवादी चिन्तनहरू सबाल्टर्न वर्गको इतिहास लेखन र वर्गहितका उद्देश्यमा जीवनभर लागि नपरेका हैनन्। लागि परेका छन् तर रञ्जित गुहा र उनका समूहका सबाल्टर्नविद्हरू कार्ल मार्क्स/अर्थात् मार्क्सवादी धारणा र उद्देश्यको विरोध/आलोचना गर्छन्। यसबारे रोसाइनो ओ. हनलोन भन्छन् : रञ्जित गुहाका समूह मार्क्सवादी ऐतिहासिक सिद्धान्तको आधारभूत व्याख्यात्मक प्रक्रियालाई पुनः चित्रण गर्ने महत्त्वकाङ्क्षी प्रयास र औपनिवेशिक, मार्क्सवादी इतिहास लेखनको परम्परागत विधा विरोधी हुन्। ती समूहले मार्क्सवादी धारणालाई विरोध गर्नुको मुख्य कारण मार्क्सवादी आक्रमक हो। मार्क्सवादले दक्षिण एसियाली समाज मातहतका जनतालाई आफ्नो कुनै चेतना नभएको र आफ्नै इतिहास बनाउन सक्ने क्षमता नभएका जस्तो व्यवहार गर्नु रहेको छ (ओ. हनलोन, सन् २०१६, पृ. १३९)। मार्क्सवाद अवधारणा आलोचित बन्नु अर्को मुख्य कारण गुहा औपनिवेशिक भारतका किसान आन्दोलनको विश्लेषण गर्छन्। उनको आधारभूत तर्क यो छ की मार्क्सवाद अर्थात् अन्य इतिहासकारले किसानको विशिष्ट चेतनालाई अध्ययन गरेका छैनन्।

थमप्सन १८ औं शताब्दीमा आफ्नो लेखमा "प्लेवियन" (Plebeian) शब्द प्रयोग गर्छन्। उक्त शब्दलाई सबाल्टर्न अध्ययन अभिनयका अग्रणी चिन्तक तथा लेखक रञ्जित गुहाले आफ्नो तरिकामा प्रायः "सबाल्टर्न" शब्द प्रयोग गरेका छन्। गुहाकै नेतृत्वमा सबाल्टर्न प्रारम्भमा (१९८०) मा एक असन्तुष्ट वामपन्थीमा देखापरेका हो। जहाँ अर्थोडक्स मार्क्सवादी अभ्यास र सिद्धान्तका तीव्र आलोचना अझै पनि व्यापक समाजवादी र मार्क्सवादी क्षितिजको अवधारणासँग जोडिएको छ। सन् १९६० को दशकदेखि १९७० तिर सबाल्टर्नको विशेष गरेर कट्टरपन्थी - लोकप्रिय मुडसँग स्पष्ट सम्बन्ध रहेको थियो। अझ विशेष गरी "तलदेखि इतिहास लेखिने प्रयाससँग सम्बन्धित थियो। संगठित वामपन्थी दलहरूप्रति बढ्दै गएको मोहभङ्ग हुँदै थियो। त्यसताका लोकप्रिय किसानहरूको उत्साहजनक विद्रोहको संयोजनमा साझा आधारहरू बनिँदै थिए। अर्थात् रुढीवादी मार्क्सवाद विचारधाराको संस्करणहरू र वास्तवमा अवस्थित समाजवादको नोकरशाही राज्य संरचनामा किसानहरू विद्रोहमा थिए।

सबाल्टर्न/अवरजनको कुरा गर्दा सम्भ्रान्त वर्ग अर्थात् "एलिट" समूहको पनि कुरा गर्नुपर्ने हुन्छ। सबाल्टर्न र प्रभुत्वशाली को र के हुन् भन्ने सवालमा रञ्जित गुहा दुई तरिकाबाट व्याख्या गर्छन्। रञ्जित गुहाको उक्त दुई विचारलाई जेम मास्लोले यसरी

प्रस्तुत गरेका छन् । गुहाको व्याख्या : सकारात्मक रूपमा : सबाल्टर्न को र के हुन् ? नकारात्मक रूपमा : बाइनरी विपक्षको एक घटकका रूपमा । तिनीहरू के र को होइनन् ? अर्थात् सम्भ्रान्त वर्ग को हुन् ?

यी दुई सवालको उत्तरमा गुहा बताउँछन् : सबाल्टर्न निम्न श्रेणीका हुन् । वर्ग, जात, उमेर, लिङ्ग र कार्यालय वा अन्य कुनै पनि हिसाबले अधीनस्थहरू । सबाल्टर्न को होइन ? अर्थात् सम्भ्रान्त वर्ग को हुन् ? भन्दा सबाल्टर्नका प्रतिपक्षको रूपमा अर्थात् विरोधमा रहेका तिनीहरू प्रभावशाली शासक समूहहरू उच्च वर्गहरू सबाल्टर्न होइनन् । अर्थात् यिनीहरू सम्भ्रान्त वर्ग हुन् (मास्लो, २०१६, पृ. १८९) । गुहा अझै व्याख्या गर्छन् "अधीनस्थ वर्गका अर्थात् सबाल्टर्नका प्रतिपक्षमा रहेका विदेशी अधिकारी, उद्योगपति, उच्च भारतीय नोकरशाहहरू, स्वदेशी सामन्ती म्याग्नेटहरू, औद्योगिक र व्यापारिक पुँजीपतिहरू सबाल्टर्न होइनन् । यिनीहरू सबाल्टर्न वर्गका प्रतिपक्षीहरू हुन् (पृ. १८९) । सबाल्टर्न अध्ययन जति महत्त्वपूर्ण छ । त्यति नै बढी विवादास्पद अभियान पनि हो र सबाल्टर्न अध्ययन आफैँमा चुनौतीपूर्ण पनि छ । किनकि सबाल्टर्न अध्ययन पहिला नै ब्रिटिस मार्क्सवादले उठान गरिसकेको अभियान हो । आज औचित्यहीन् भइसकेको छ भनी एक थरी विश्लेषकहरू पछि परेका छन् भने विश्वव्यापी रूपमा एक छत्र राज गर्न सफल पुँजीवादबाट सबाल्टर्न वर्गले कसरी मुक्ति पाउलान ? के सम्भव छ ? भन्ने मुद्दाहरू विवाद केन्द्रित छन् । र सबाल्टर्न अध्ययन आफैँमा चुनौतीपूर्ण हुनुको कारण इतिहासमा कहिले पनि सोलोडोलो उपस्थिति नभएर टुक्राटुक्री वा खण्डखण्डमा छरिएर रहनु हो ।

समाजवादको विश्वव्यापी ह्रास, पुँजीवादको विजय उत्सवको माहोलमा प्रजातन्त्र र न्यायको पक्षमा सबाल्टर्नको इतिहास लेख्ने प्रतिबद्धताका साथ गुहाको सबाल्टर्न अध्ययन समूह अगाडि बढेको छ । आफ्ना चुनौतीहरूलाई सामना गर्दै अघि बढ्ने क्रममा सन् १९८६ मा सबाल्टर्न अध्ययन अनुसन्धानका लागि भारतमा विद्यालय खोलियो । त्यहाँ भनिएको छ जसको अनुयायीहरू सबाल्टर्न हुन् । उक्त विद्यालयबाट ती सबाल्टर्न अनुयायीहरूको मौलिक निबन्ध सन् १९८८ मा पेपरव्यागमा देखापऱ्यो । यसको सम्पादन पनि रञ्जित गुहा र गायत्री चक्रवती स्पिभाकले नै गरेका थिए ।

सबाल्टर्न अध्ययनका शृङ्खला थपिँदै जाने क्रममा डेभिड लुडेन भन्छन् : सर्वप्रथम नयाँ छोटो अक्सफोर्ड शब्दकोशको (१९९३) संस्करणले सबाल्टर्न परिभाषित गर्नको लागि सन्दर्भको रूपमा पहिलोपटक "इतिहास" समावेश गऱ्यो । परिभाषामा "लेट-मध्ययुगति अङ्ग्रेजीमा यो वासाल वा किसानहरूमा लागु भयो र सन् १७०० मा यसले सेनाहरूको तल्लो तहलाई जनाउँछ" (लुडेन, सन् २०१६, पृ. ४) । सबाल्टर्न अध्ययनले अपश्चिमा अर्थात् दक्षिण एसियाबाट आफ्नो अध्ययन सुरु गरी अहिले अफ्रिका तथा पश्चिमा मुलुक लगायत संयुक्त राज्य अमेरिकामा समेत युरोपेली मान्यताहरूलाई भत्काउँदै आफ्नै छुट्टै पृथक् प्रभावशाली अध्ययनको जोड्दार उपस्थिति जनाइरहेको छ । "त्यसकारण सबाल्टर्न अध्ययनका परियोजनाहरूले हालैका वर्षहरूमा विश्वभरि नै सबैभन्दा उत्तेजक र चाखलाग्दो हस्तक्षेप गरिरहेको छ भन्ने कुरालाई अहिले विश्वमा स्वीकारिएको अवस्था छ (ओ. हनलोन्, सन् २०१६, पृ. १३७) । इतिहासविहीनलाई इतिहासका पानामा ल्याउने चमर्को तीव्र रूपमा अघि बढिरहेको अवस्थामा सबाल्टर्न अध्ययन आधुनिकतावादी, उत्तरउपनिवेशवादी, उत्तरसंरचनावादी, विनिर्माणवादी संरचनावादीहरूको नजिक हुँदै आज आफ्नै छुट्टै वर्चस्व कायम गर्दैछ । आफ्नै शक्ति र सीमा छ । समाजवादलाई खर्लप्प खाइसकेको पुँजीवादले विश्वमा विजय जुलुस मनाईरहँदा सम्भ्रान्त वर्गको इतिहास लेखनको पूर्वाग्राही मानक भत्काउँदै अर्थात् परम्परित इतिहास लेखनलाई छाडेर नयाँ ढङ्गले दबाइएकाको इतिहास तल/फेदबाट लेख्नु सबाल्टर्न अध्ययनको सबैभन्दा ठूलो शक्ति हो । यसरी साम्राज्यवादी सम्भ्रान्तको पूर्वग्राही र एकपक्षीय इतिहास लेखनलाई उल्ट्याउँदा आइपर्ने जटिलता एवम् सबाल्टर्न अध्ययनसम्बन्धी उब्जिएका आलोचनात्मक धारणाहरू यसका सीमा रहेका छन् ।

विवादास्पद रूपमै भए पनि करिब तीन दशक अघिदेखि दक्षिण एसियसा समाजबाट सबाल्टर्न अध्ययन अघि बढिरहेको छ । यस प्रसङ्गमा सबाल्टर्नको इतिहास निर्माणमा विद्यमान शून्यताबाट सुरु भई संसारभरि राम्रै प्रभाव पार्न सफल सबाल्टर्न अध्ययन समूहका दिपेश चक्रवर्ती, पार्थ चटर्जी, गायत्री चक्रवती स्पिभाक, दास गुप्ता, डेभिड अर्नोल्ड आदि विद्वान्हरूको लेखमा सबाल्टर्न अध्ययनको विशेष प्रभावकारी चर्चा पाइन्छ । यी चर्चाहरूलाई हामीले छुटाउन मिल्दैन । यसै प्रसङ्गमा चटर्जीको निबन्धका आधारमा उनको विचारलाई रञ्जित दास गुप्ता यसरी प्रस्तुत गर्छन् : "पार्थ चटर्जी गान्धीको राजनीतिक

दर्शन र त्यसको प्रभावहरूको जाँचसँग सम्बन्धित छन् । उनी गान्धीको लोकप्रिय सैद्धान्तिक आधारहरूमा सबाल्टर्न, विशेष गरी किसानहरूलाई राख्ने प्रयास गर्दछन् अर्थात् राष्ट्रिय राजनीतिको गान्धी ढाँचाभित्र किसान र श्रमिक वर्गलाई परिचालन गर्नुपर्दछ" (गुप्ता, सन् २०१६, पृ. ११७) । तर भारतमा गान्धीको राजनीति दर्शन पनि आलोचनाको सिकार बन्यो । गान्धीले शोषण र उत्पीडन विरुद्धको जनसंघर्षमा आफूलाई सामेल गर्न दृढतापूर्वक अस्वीकार गरे र पुँजीवादी वर्गको वर्गीय स्वार्थको सीमाभन्दा बाहिर जान असफल भए ।

यस्तै दास गुप्ता सबाल्टर्नको बारेमा चर्चा गर्दा पश्चिम बंगालमा सबाल्टर्न राजनीतिको प्रयोग गर्छन् । उनी भन्छन् आदिवासीहरूले वनजङ्गलको प्रयोग निर्वाध रूपमा गरिरहेको अवस्थामा वन अधिकारीहरूले अचानक रोकिदिन्छन् । तत्पश्चात् आदिवासी आक्रोशमा आई द्वन्द्व सुरु हुन्छ । अर्का डेभिड अर्नोल्ड सबाल्टर्न अध्ययनमा आदिवासी अध्ययन गर्दछन् । भारतमा १९ औं शताब्दीको उत्तरार्द्ध र बीसौं शताब्दीको प्रारम्भमा जनजातिबीच आन्दोलन भएको थियो । सबाल्टर्न अध्ययनकै क्रममा हर्नी स्वराज ग्राम्सीको भनाई उद्धरण गर्दै भन्छन्: "सबाल्टर्न समूहहरू सँधै शासक समूहको गतिविधिको अधीनमा हुन्छन् । उनीहरूले विद्रोह गरे त्यो अधीन तोडेर स्थायी विजय हासिल गर्छन् । तर तुरुन्त हैन" (स्वराज, सन् २०१६, पृ. ३०४) । यसैगरी सबाल्टर्न अध्ययनको विस्तारको क्रममा दीपेश चक्रवर्तीले समेटेको क्षेत्र कारखानाको मजदुरहरू र मध्यम वर्गीय नेतृत्वको अन्तरक्रिया हो । यस्तै सबाल्टर्नको बारेमा जेम मास्लो भन्छन् : सबाल्टर्नको बारेमा एक महत्त्वपूर्ण विन्दु यो हो की यसले ध्रुवीकृत सामाजिक वर्ग विरोधको मानसिकतासँग संयोजन गर्दछ । सबाल्टर्नलाई सामाजिक वर्ग विरोधीको कार्यचेतनाका साथ उत्पीडितको रूपमा प्रस्तुत गरिएको छ (मास्लो, सन् २०१६, पृ. १९२) । सबाल्टर्न समुहको पक्षमा वकालत गर्दै गर्दा अर्का सबाल्टर्न लेखक जावेद आलाम भन्छन् सबाल्टर्न अध्ययन औपनिवेशिक भारत इतिहासको लेखनमा एक महत्त्वपूर्ण घटना हो । "यो शृङ्खला बढाउने समस्याको विस्तृत दायरामा गहन अनुसन्धानको कारणले मात्र पनि होइन । न त यो शोषित र उत्पीडित जनताको आवाज सुन्नमा मात्र केन्द्रित छ" । यो त जनता र किसानहरूको गतिविधिमा पनि केन्द्रित रहेको छ (अलाम, २०१६, पृ. ४३) । एसियाली सबाल्टर्न अध्ययन समूह विश्वमा नवीन आयामका दृष्टिकोणको निर्माण हुने क्रममा एक पछि अर्को सकारात्मक तहहरू पार गर्दै गर्दा रञ्जित गुहाकै लेखलाई आधार मान्दै लेखक डेभिड लुडेन् पुन भन्छन् : रञ्जित गुहाको बनार्ड यस कोनसँगको पङ्क्तिबद्धताले उपनिवेशवाद परियोजनाको सांस्कृतिक आलोचनालाई अमेरिकी शैलीको सांस्कृतिक इतिहासको लागि नयाँ जीवन्तताको अमृत बनायो । तत्पश्चात् सबाल्टर्न अध्ययन सन् १९९३ मा विश्वव्यापी मूलधारमा आयो (लुडेन, २०१६, पृ. २३) । अन्ततः किसान आन्दोलन हुँदै इतिहासको पुनर्लेखनको उद्देश्यका साथ सञ्चालनमा आएको सबाल्टर्न अध्ययन अभियान क्रमशः बहुसांस्कृतिक र बहुआयामिक हुँदै गएको छ । यसरी विश्वसामु आफ्नो छुट्टै वर्चस्व कायम गरिसकेको सबाल्टर्न अध्ययनले नेपाल पनि अछुतो रहन सकेन । त्यसकारण सबाल्टर्न अध्ययन आज नेपालमा पनि चाखलाग्दो र रुचाइएको विषयको रूपमा भित्रिएको छ । हिजो राजनीतिक मुद्दामा मात्र सीमित सबाल्टर्न आज इतिहास, समाजशास्त्र, मानवशास्त्र हुँदै नेपाली साहित्यमा पनि प्रयोगमा आउन थालेको छ । परिणामस्वरूप आज सबाल्टर्न/अवरजन शब्द समसामयिक नेपाली साहित्य समालोचनात्मक विमर्शमा ज्यादै प्रचलित शब्द भएर ठडिएको छ । यसरी नवीन दृष्टिकोण फैलाउँदै दक्षिण एसियाबाट सुरु भएको सबाल्टर्न अध्ययन आज हामी सामु आइपुगेको छ ।

नेपालको परिवेशमा सबाल्टर्न अध्ययन : सबाल्टर्न के हो ? को हुन् ? अध्ययन किन आवश्यक छ ? आदि विभिन्न जिज्ञासाहरूको साथ भित्रिएको छ । सबाल्टर्न अध्ययन गर्ने क्रममा सर्वप्रथम 'सबाल्टर्न' शब्दका प्रयोगकर्ता मार्क्सवादी लेखक अर्थात् सांस्कृतिक विश्लेषक ग्राम्सीको विचारलाई शक्ति, स्रष्टा र सबाल्टर्न पुस्तकका लेखक तारालाल श्रेष्ठले यसप्रकार प्रस्तुत गरेका छन् : "सबाल्टर्न वर्गको इतिहास सम्भ्रान्त जतिकै जटिल र अझ बढी महत्त्वको हुन्छ, तर सबाल्टर्नको इतिहास सम्भ्रान्तको दमनकारी शक्ति प्रयोगका कारण छरिएर अलिखित मिथक वा अन्य माध्यमबाट टुक्राटुक्री अवस्थामा मात्र प्राप्त गर्न सकिन्छ" (पृ. ४) । सबाल्टर्नको अर्थ र महत्त्व दर्शाउँदै मोहन शर्मा भन्छन् : "इतिहास र साहित्यमा घनिष्ठ सम्बन्ध रहने हुँदा अवरजन अध्ययनको प्रयोग साहित्यिक सन्दर्भमा प्रभावकारिताका साथ गर्न मिल्छ" (शर्मा, २०७८, पृ.९४) । सबाल्टर्नको परिभाषा दिनेक्रममा उनी भन्छन् : "आर्थिक र राजनीतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समुदाय वा व्यक्तिलाई अवरजन भनिन्छ" (पृ. ११२) । शर्माले आफ्नो समालोचनाको नयाँकोण पुस्तकमा अवरजन बुझाउने थुप्रै शब्द

प्रस्तुत गरेका छन् । जस्तै : भूँइमान्छे, तल्लो वर्ग, निरक्षर, द्वन्द्वपीडितहरू, दलितहरू, अधीनस्थ, अशक्त, निर्धो, पिछडा, आवाजहीन, इतिहासविहीन, उत्पीडित, उपेक्षित, गरिब, दबिएको, दमित, निमुखा, निर्धो, शासित, शोषित, श्रमिक, सर्वहारा, सीमान्तकृत, प्रभुत्वरहित (पृ. ८६) । सबाल्टर्न अध्ययनको मुख्य उद्देश्य दबिएका र दबाइएका आवाजहरूलाई मुखरित गर्दै उनीहरूको कथा, व्यथा र जीवन सङ्घर्षलाई समेट्नु हो। अर्थात् "दबिएका र दबाइएका आवाजको खोजी गर्दै इतिहासविहीनहरूको इतिहास लेखन गर्ने मुद्दा नै सबाल्टर्न अध्ययनको मुख्य उद्देश्य हो" (श्रेष्ठ, २०६८, पृ. ५) । इतिहास उल्टो छ। शक्तिकेन्द्रमा रहेर लेखिएको इतिहासमा सीमान्तकृत वा सबाल्टर्न अटाएका छैनन् । उपेक्षित भएका छन् दबाइएको इतिहास विश्वबाट मेटिँदैछ। जति पनि लेखिएका इतिहास छन् ती सबै झुट्टा हुन् । त्यसकारण अब इतिहास पुनर्लेखन हुनुपर्छ, फेदबाट लेखिनुपर्छ; उल्टिनुपर्छ भन्ने मान्यता स्वरूप स्थापित सबाल्टर्न अध्ययन एक सिद्धान्त हो ।

यस्तै सबाल्टर्न अध्ययनसम्बन्धी कृष्ण गौतम भन्छन् : विशेषतः "सबाल्टर्न अध्ययनमा दबिएका र दबाइएको आवाजहरूका अध्ययन गरी माथि ल्याउने उद्देश्य राखिन्छ र तिनीहरूको व्यथा, आवाज, जीवनी, सङ्घर्षलाई समेटिन्छ। यो त्यो वर्ग हो जो बोल्न सक्दैन, पराधीन, प्रताडित र पिसिएको छ, जो मताधिकारबाट वञ्चित छ" (गौतम, २०७३, पृ. ५४) । वास्तवमा सबाल्टर्न को हुन् ? वा के हुन् ? त भन्दा अङ्ग्रेजी शब्द सबाल्टर्न सदियौँदेखि शासित, आवाजविहीन, इतिहासविहीन वर्गलाई जनाउँछ (श्रेष्ठ, २०६८) । सोझो अर्थमा भन्ने हो भने अवरजन समाजमा आवाजविहीन र इतिहासविहीन दमित जनता, पीडित समुदाय, महिला, जनजाति सीमान्तकृतको जमात हो । सम्भ्रान्त वर्ग वा सामन्तवादीका शक्तिको आडमा लेखिएको झुटो इतिहास, समाज, राज्यबाट उपेक्षित वर्ग सबै सबाल्टर्न हुन् । सबाल्टर्न अध्ययनको मुख्य उद्देश्य पनि शक्तिको आडमा लेखिएको इतिहास विरुद्ध एक जोडदार हस्तक्षेप गर्नु रहेको छ।

इतिहासको पुनर्लेखनमा केन्द्रित सबाल्टर्न अध्ययनले पछिल्लो समयमा विशेषतः तल्लो दर्जाको व्यक्ति, समूह वा समुदायलाई जनाउँछ। तर सबाल्टर्नकारीका अर्थमा यसलाई हैकमवादी, सामन्ती शासकको लामो समयदेखिको थिचोमिचो र भेदभावबाट उत्पीडित शासित, व्यक्ति वा निमुखा वर्गलाई बुझाउँछ। जो शक्तिशाली भएर पनि शक्तिविहीन बनाइएको हुन्छ (श्रेष्ठ, २०६८, पृ. १४) । सम्भ्रान्त वर्गले सबाल्टर्नका इतिहास निर्माण गर्न दिँदैनन् । उनीहरूको इतिहासमा सबाल्टर्न अटाउन सक्दैनन् । तिनै इतिहासविहीन वर्गका उत्थानको निम्ति सबाल्टर्न अध्ययन गरिनुपर्छ भन्ने दावी सबाल्टर्नवादीका रहेको छ। "सबाल्टर्नभित्र जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेशा, क्षेत्र आदि हरेक हिसाबले दमित, शोषित, उत्पीडित वर्ग मात्रै पर्दैनन् । अधीनस्थका आधारमा आम समाज, जनता वा कुनै राष्ट्र समेत शक्तिशाली अर्को पक्षबाट सबाल्टनीय अवस्थामा बाँच्न बाध्य पारिएको परिस्थिति पनि जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १४) । त्यस्तै सबाल्टर्न अध्ययनलाई "मानिसहरू गरिब र सर्वहारा अनि समाजमा पिछडिएका र सीमान्तकृत मानिएकाहरूको पर्यायको रूपमा लिइन्छन् (सुवेदी, २०६८, पृ.१७ ) । सबाल्टर्नको विमर्श गर्दा ग्राम्चीको सबाल्टर्न र प्रभुत्व हेजेमनी हेरिन्छ। ग्राम्ची भन्छन् "सबाल्टर्न सधैँ जागेको जस्तो वा विद्रोह भएको अवस्थामा समेत शक्तिशाली वर्गका अगाडि अधिनस्थ हुन्छ। यस्तो पराधीनताको नाजुक अवस्थाबाट सबाल्टर्नका मुक्तिको एउटै उपाय महान् आमूल परिवर्तनकारी क्रान्ति र दीर्घकालीन विजय हो" (श्रेष्ठ, २०६८, पृ. २१)। उनका अनुसार सबाल्टर्न इतिहासविहीन बनाइएको मात्र हो । उनको विचारमा सबाल्टर्नका वास्तविक चेतना प्राप्त गरी इतिहास लेखन गर्ने अभियन भने निकै चुनौती देखिन्छ।

"ग्राम्ची सबाल्टर्नलाई सम्भ्रान्त वर्गका हेजेमनी शासकको हैकम र प्रभुत्वबाट अति ग्रसित देख्छन् । सबाल्टर्न अध्ययन समूहका संलग्न विद्वान्हरू भने सबाल्टर्नलाई स्वाधीन, नायकका रूपमा उभ्याउने कोसिसमा तल्लीन देखिन्छन् । त्यसो त सबाल्टर्न चेतनाको स्वाधीनता जन्मसिद्ध निर्माण हुने कुरो नभई राजनीति द्वन्द्वात्मक सङ्घर्षको प्रक्रियाबाट निर्मित हुने कुरो हो" (श्रेष्ठ, २०६८, पृ. २२) । सबाल्टर्नका कुरा गर्दा वर्ग, भाषा, लैङ्गिकता आदि सबै पर्दछन् । समुदायका मानिसहरू दैनिक जीवनमा कसरी बाँचिरहेका छन् भन्ने विषयले वर्ग छुट्याउँछ। यो वर्ग निम्नस्तरका समुदाय हुन् या त प्रभुत्वशाली सम्भ्रान्त पिँढी । वर्ग निर्माणमा समाज, सामाजिक विषयवस्तु, आर्थिक हैसियत, सांस्कृतिक, राजनीतिक आदि विविध नीतिमा उनीहरू कसरी घेरिएका छन् ती कुराहरूले प्रभाव पर्दछ। "वर्गको उत्पत्ति श्रम विभाजनसँगै भएको हो" (भट्टराई, २०७८, पृ. ६१) । उनी भन्छन् "निजी स्वामित्वका कारण समाजमा धनी र गरिब तथा शोषक र शोषित वर्गका उदय भयो" । यही आर्थिक सम्बन्धले

वर्ग शब्दको जन्मको आधार प्राप्त गऱ्यो। जब समाजमा वर्ग हुन्छ, त्यहाँ शोषण उत्पादन हुन्छ। वर्ग शोषण मुख्यतः एक वर्गले अर्को वर्गमाथि गरिने श्रमको शोषण नै हो। शोषणको कारण समाजमा विभेद सिर्जना हुन्छ। जब समाजमा विभेद हुन्छ, त्यहाँ दुई संस्कृति निर्माण हुन्छन्। प्रभुत्वशाली सम्भ्रान्त वर्ग र सबाल्टर्न पक्षको संस्कृति। "वर्गविभेद वर्गको उत्पत्तिसँगै जन्मिएको हो। उच्च वर्ग र निम्न वर्गको यो विभेद वर्ग, जाति र लिङ्गका तहमा समेत प्रकट भएको पाइन्छ" (भट्टराई, २०७८, पृ. ९६)। उनका विचारमा वर्ग विभेदका मूल कारण नै उत्पादन सम्बन्ध र शक्तिको बेमेलको अवस्था हो। यसरी वर्ग दमनको अवस्थामा प्रभुत्वशाली पिँढीको अत्याचार, अन्याय, धम्की, बेइन्साफ विरुद्ध अधीनस्थ पिँढी, जाति, वर्ग, समुदाय, लिङ्ग विरोधमा उत्रनु नै प्रतिरोधी चेतना हो। शक्तिका विरुद्ध प्रतिकारमा उत्रने आवाज प्रत्यक्ष, अप्रत्यक्ष, भौतिक, अभौतिक, साङ्केतिक आदि प्रकृतिका हुन्छन्।

अन्त्यमा सांस्कृतिक अध्ययनको विषय क्षेत्रसँग सम्बन्धित सबाल्टर्न एउटा महत्त्वपूर्ण सिद्धान्त हो। सबाल्टर्न अध्ययनको इतिहास ज्यादै लामो नभए तापनि छोटो समयमा नै यसले आफ्नो अध्ययनको क्षेत्रलाई व्यापक बनाउँदै लगेको देखिन्छ। पछिल्लो समय साहित्य सिर्जनाको समालोचनात्मक क्षेत्रमा अवरजन अध्ययन जति शक्तिशाली देखिएको छ त्यति नै प्रभावकारी पनि रहेको पाइन्छ। रञ्जित गुहाको नेतृत्वमा दक्षिण एसियाबाट इतिहासविहीनहरूको आवाजलाई केन्द्रमा राखेर आरम्भ भएको सबाल्टर्न अध्ययन विश्वव्यापी रूपमा पाश्चात्य तथा पूर्वीय साहित्य दर्शन हुँदै विस्तारै नेपाली साहित्यिक लेखन, पठन र विश्लेषणसँग पनि गाँसिदै विकसित हुन थाल्यो। पछिल्लो समय सबाल्टर्न अध्धयन एक बहुसांस्कृतिक र बहुआयामिक हुँदै गएको परिप्रेक्ष्यमा कुनै पनि कृति विश्लेषणका लागि एक महत्त्वपूर्ण शक्तिशाली सिद्धान्त भएको पुष्टि हुन आएको छ।

यी माथि उल्लिखित विभिन्न विचार सिद्धान्त वा सैद्धान्तिक अवधारणालाई केलाएर हेर्दा सबाल्टर्न अध्ययन एक सीमान्तकृतहरूको आवाज हो। सबाल्टर्नले समाजमा आवाजविहीन, इतिहासविहीन र शक्ति भए तापनि शक्तिहीन बनाइएकाहरूको वर्गलाई बुझाउँछ। अर्थात् अधीनस्थ पिँढी, दमित, दबिएकाहरू, पीडित, पछाडि पारिएका महिला, भाषा, संस्कृति, वर्ग, जातजाति, भूँइमान्छे, निमुखा, निर्धो आदिलाई बुझाउँछ। सबाल्टर्न अध्ययनले यी सबै उपेक्षित वर्गलाई राज्यका शक्ति केन्द्रमा ल्याउनुपर्छ। सीमान्तकृत, सर्वहारा, उत्पीडित, विपन्न जनसमुदाय सबैलाई इतिहासमा ल्याइनुपर्छ। शक्तिकेन्द्रित होडबाजीमा लेखिएका इतिहास मेटिनुपर्दछ, इतिहासको पुनर्लेखन गरिनुपर्दछ। अब इतिहास शक्तिकेन्द्रमा नभई फेदबाट लेखिनुपर्छ। पर्दापछाडिका सम्पूर्ण दृश्य मञ्चमा ल्याउनुपर्छ भन्ने उद्देश्य राख्दछ। समाजमा स्थापित शक्ति, सत्ता र शासनले सीमान्तकृत बनाइएका समुदाय, जाति, लिङ्ग, अनि व्यक्ति विशेष सबैको बुलन्त आवाज लिई आएको एक नयाँ चिन्तन वा सिद्धान्त हो सबाल्टर्न अध्ययन। सबाल्टर्नका यस्तै मोड र धारणा प्रयोग गरेर विश्वभरका धेरै विद्यार्थीहरूले अनुसन्धान गरिरहेका छन् भन्ने कुरामा पनि उल्लेखनीय प्रभाव देखिन्छ।

सबाल्टर्नसम्बन्धी यिनै विविध सिद्धान्त, विचार, धारणा र उद्देश्यको आधारमा प्रस्तुत अनुसन्धानमूलक लेखमा गोठालेका "मालिकको कुकुर" कथालाई विश्लेषण गरिएको छ।

**'मालिकको कुकुर' कथामा अवरजन**

समाज र सामाजिक विषयवस्तुको यथार्थपरक ढङ्गले उठान गरिएको गोठालेका "मालिकको कुकुर" कथालाई यस लेखमा अवरजन अध्ययनका लागि चयन गरिएको छ। अध्ययनका लागि छनोट गरिएको 'मालिकको कुकुर' शीर्षकको कथा २०१६ सालमा कथैकथा नामक कथासङ्ग्रहमा रहेको छ। यसमा मुख्यतः समाजमा प्रभुत्वशाली वर्गले, अवरजन तथा श्रमिकमाथि गरिएको दमन, शोषण, अन्याय, अत्याचारको कथा प्रस्तुत गरिएको छ।

विशेषतः कथाको मुख्य कथन सन्दर्भ समाजमा प्रभुत्वशाली वर्ग र श्रमजीवीबीच भएको असमानताको कारण सिर्जना हुने दवाव र तनावको परिस्थितिजन्य वातावरण हो। कथामा उच्च वर्गका व्यक्तिले अवरजनलाई गरिएको अत्याचार, अन्याय, दमन र शोषणलाई परम्परागत रूपमा नै स्वीकारिएको अवस्था छ। कथामा प्रमुख पात्र सानु र उनको परिवार अवरजन हुन्

भने मालिक, मालिकका परिवार अवरजनका विपरीत सम्भ्रान्त पात्र हुन्। कथामा समाख्याता तृतीय पुरुष हो। ऊ कथाबाहिर बसेर कथाभित्रको घटना वाचन गरिरहेको छ।

**यस कथामा वर्णित सानु (नोकर) पात्रका अवरजन सूचक**

| तथ्य | पहिचान |
|---|---|
| जिल्लिएर उभिनु | असमर्थ |
| उसले आफ्नी स्वास्नी सम्झ्यो- एउटी दुब्ली, पातली, आँखाभरि चिप्रै, चिप्रा | गरिब, अधीनस्थ, अभावग्रस्त |
| एउटा छोरो पेट फुलेको, छाती सानो खुट्टा सिन्का जस्तो | अशक्त, निर्वल, दयाहीन |
| डाक्टरको ओखती गर्न र इन्जेक्सन दिनलाई उसको औकातले पुग्दैन थियो। | विपन्न, तन्नम |
| कुकुरको लागि उसले कति पिटाइ र गाली खाएको थियो। | अन्याय, अत्याचार, पीडित |
| उसको सानो बच्चा, भुत्रो, मुत्रो भोटो लगाइरहेको छ। | गरिबी, अभाव |
| रिसले रातो भएको आँखा र साह्रै रिसाएपछि पिट्न आइलाग्ने हात | हिंसा, शोषण |
| एक झट्टारो र बेसरी दश थप्पड | अन्याय, दमन |
| मोहर, चामल र कपडा खल्तीको खल्ती नै फर्क्यो | अभावग्रस्त |

अवरजनसम्बन्धी उपर्युक्त पहिचानका आधारमा हेर्दा सानु (नोकर) एक विपन्न परिवारको व्यक्ति हो। आर्थिक दृष्टिकोणबाट ऊ सम्पन्न नभई गरिब भएकै कारण प्रभुत्वशाली वर्गको अत्याचार, शोषण, दमन सहेर बाँचेको छ। एउटा जनावर कुकुरको भन्दा पनि निम्न स्तरको जीवन, अस्तित्वहीन, पहिचानविहीन भएको छ। कथामा प्रयुक्त उसका यिनै चारित्रिक चित्रणले उसलाई अवरजनका रूपमा उभ्याएको छ।

यी बाहेक ऊ आफैँमा सबाल्टर्न (अवरजन) त थियो नै अझ प्रभुत्वशाली वर्ग जो मालिकका परिवार छन् उनीहरूले झनै उसलाई सीमानाकृत बनाइदिइरहेको अवस्था छ। ऊ दिनभर, रातभर कुकुरको हेरचाह र घरको काममा घोटिएर लाग्दछ। तर पनि उसलाई न त कसैले स्याबासी नै दिन्छन् न त आफ्नो काम र परिश्रमको मूल्य नै पाउँछ। उल्टो सधैँ अन्याय, अत्याचार र शोषण खेपिरहन्छ। ऊ सधैँ अधीनस्थ र पराधीन नै छ। मालिक र मालिकका परिवार कुकुरप्रति जति संवेदनशील छन्। उतिनै असंवेदनशील सानु र सानुका परिवारप्रति रहेका छन्। सानु यी विवशतालाई सहन बाध्य छ। यी तथ्यहरूले ऊ गरिब एवम् अभावग्रस्त छ भन्ने अझ स्पष्ट बुझाउँछ।

कुकुर विरामी भएको खबर मालिकलाई सुनाउन डराउनु, उसका पाइला लरबराउनु, बोली लटपटीनु, घरमा श्रीमती मैला, भुत्रा, लुगा लगाएर बसेको सम्झनु छोरोलाई सुकेनास लाग्नु, जेठा छोराको औषधी, उपचारको अभावमा मृत्यु हुनु, यी सबै तथ्यहरूले ऊ अवरजन अर्थात् सबाल्टर्न हो भन्ने साक्षी बोकेका छन्।

इतिहासमा सबाल्टर्न आवाजविहीन छन् अर्थात् उनीहरूलाई त्यो अवस्थामा पुऱ्याइएको छ भनेझैँ प्रस्तुत कथामा पनि सानुलाई आवाजविहीन बनाइएको अवस्था छ। ऊभित्र चेतना, ज्ञान छ तर के गर्ने शक्ति अनि सम्पत्तिको भरमा उसलाई दबाइएको छ। शोषण, दमन गरिएको छ। सधैँ डर, त्रास र धम्कीको वातावरणमा बाँच्न बाध्य पारिएको छ।

एउटा जनावर कुकुरकै कारण उसले कयौँपटक पिटाइ खाएको छ। बेइज्जती सहनुपरेको छ। तर पनि ऊ वर्तमान स्थितिबाट मुक्त हुने चाहना, प्रयास गर्दैन। सकस र विवशताको घडीमा पिल्सिरहन्छ। अर्थात् विपन्नताकै कारण सानु अवरजन, निर्धो देखिनु यथार्थवादी चित्रण पनि हो।

**'मालिकको कुकुर' कथामा सबाल्टर्नको वर्गीय अवस्था**

कथामा मालिक, बूढी मालिक्नी रम्भामैया, बलेन्द्रकाजी, वीरेन्द्रकाजी र मानवेतर पात्र डायमन्ड (कुकुर) प्रभुत्वशाली अर्थात् उच्च वर्गका वर्गीय प्रतिनिधि पात्रहरू हुन् भने सानु (नोकर) र उसका परिवारले निम्न वर्ग अर्थात् सबाल्टर्नको प्रतिनिधित्व गरेका छन्। सानु निम्नवर्गीय भएकाले नै उसको माध्यमबाट कथामा अवरजनको दशा र कथाको वास्तविक प्रस्तुति भएको छ।

अवरजन चरित्र सानुको प्रतिनिधित्वबाट नेपालको परिवेशमा नेपाली जनताले भोग्नुपरेको वर्गीय पीडालाई प्रस्तुत गरिएको छ। कथामा वर्गीय रूपमा सबाल्टर्न पात्र नोकरले अत्यन्त निम्नस्तरको जीवन व्यतित गरेको देखिन्छ। नेपाली सामाजिक इतिहासमा नोकर सानु र उनका परिवारजस्ताका जुन एक छुट्टै वर्ग छ। त्यसलाई प्रभुत्वशाली पिँढीको निर्माण समुदाय सधैँ अधीनस्थ बनाउन प्रयासरत रहिरहन्छ। कथाको आरम्भतिर सानुको प्रस्तुतिले उल्लिखित विचारको राम्रो पुष्टि हुन्छ। उनी भन्छन्- "हजुर !" तर जवाफ आएन, न मालिकले टाउको उठाए, झन मुख विगारेर कागजमा तीव्र दृष्टि गाड्न थाले (पृ. ५५)। यस एकोहोरो संवादमा सानुको मनभित्र अथाह डर, त्रास र पीडा लुकेको अनुभूति गर्न सकिन्छ। उक्त तथ्यले वर्गीय असमानतालाई चुपचाप सहन बाध्य बनाईएका सबाल्टर्न प्रतिनिधि यी पात्रले प्रभुत्वशाली हैसियतमा रहेका सामान्तवर्गका उत्पीडनलाई राम्ररी सहनु परेको अवस्थालाई पनि सङ्केत गर्दछ। यस्तै यस कथामा प्रयुक्त वर्गीय विभेद झल्काउने अर्को साक्ष्य हेरौँ :

> सानुका शब्दहरू मालिकको कानभित्र पसेर शरीरका तल्लो लहर मस्तिष्कमा खल्लीबल्ली गरेर अनुभूतिमा पुग्न केही बेर लागेझैँ भयो।
>
> उसले एकछिन पछि बिस्तारै टाउको उठाएर भने … के … रे ?
>
> "सानु हजुर कुकुरले छेर्‍यो, बान्ता गर्‍यो, रिङरिङती"
>
> मालिकले सानुको कुरा सिद्धिन नपाउँदै मेचमा केही चिजले घोचेझैँ जुरुक्क उठे, पलभरमै सानुतिर पुगे ? सानु डरले कुचुक्क पर्‍यो।
>
> मालिक भने "के … रे" ?
>
> सानु … "हजुर … कुकुर …।" (पृष्ठ ५६)

कथामा उक्त सन्दर्भले (सानु) मालिक वा मुखियाको रवाफमा पिल्सिएर जीउन बाध्य रहेको प्रष्टाउँछ। सानु मालिकको अगाडि आवाज विहीन छ, ऊ डराएको, कापेको छ, थर्मराएको छ। प्रभुत्वशाली संस्कृतिको चरम चपेटा भोगेको छ। उच्च वर्गीय प्रतिनिधित्व पात्र मालिकले उसलाई विभेद र अमानवीय व्यवहार गरेको छ। सानु आफ्नो रोजीरोटी खोसिने पिरले तिरस्कार सहेर भए पनि बाँच्न बाध्य देखिन्छ। अभाव र गरिबीको कारण सानु र सानुको सिङ्गो परिवार वर्गीय रूपमा सबाल्टर्न बन्नुपरेको अवस्था प्रष्ट भएको छ। आफू माथि भएको अन्याय र शोषणविरुद्ध आवाज उठाउने मन भए तापनि भएर आफ्नो विविध बाध्यताले बेखवर झैँ हुन पुगेको सानुलाई अवरजन बनाइएको अर्को साक्ष्य :

> *मालिकः "तैले के के ख्वाएको थिइस् ?"*
>
> *सानु - "केही पनि ख्वाइनँ, त्यही दिनमा ख्वाउने मासु, भात, रोटी !"*

*"अँ अरू बाहिर केही खाएको देखिस् ?"*

*"देखिन् ।" (पृ. ५६) ।*

वर्गीय दृष्टिकोणले मात्र नभएर सबै कोणबाट बञ्चित भएको अवस्थामा जर्जरतापूर्ण जीवन बाँचिरहेको सानुलाई मालिकले निम्न स्तरको भाषाशैली प्रयोग गर्नुको साथै अभै शङ्काले प्रश्न तेर्साएको छ। उच्च वर्गीय संस्कृति भएका मालिकले नोकर (सानुलाई) भाषिक तवरले पनि किनारीकृत बनाइएको देखिन्छ। यसको गतिलो प्रमाण -

*"अँ अरू बाहिर केही खाएको देखिस् ?"*

*"देखिन ... ।"*

कथामा मालिक मात्र हैन उनका परिवारहरूका ठाकुरे रवाफ पनि राम्रै तवरले झल्किएको देखिन्छ। कथामा कुकुर विरामी भएको खबर फैलिना साथ बूढी मालिक्नी, तरुनी मालिक्नी, पठ्ठो मालिक, वीरेन्द्रकाजी सबैजना झट्टपट्ट भेला हुन्छन्। कुकुरको अवस्थाप्रति सबै जना चिन्तित, गम्भीर बन्दछन्। ... तर सानुलाई भने अर्कै केही कुराको झझल्कोले पिरोल्छ! ऊ सम्झनामा टोलाउँछ। आफू विरामी पर्दा, आफ्नो परिवार भोकभोकै मर्न लाग्दा, उपचार नपाएर तीन वर्षको छोरो गुमाउँदाको पीडा मानसपटलमा छरपष्ट भएर छरिन थाल्छन्। गाँस, बास र कपासको लागि गोठालो बसेको सानु र उसका परिवारको यो हविगत हुँदा मालिकका परिवारबाट उसले कहिले सहानुभूति पाएन र अहिलेसम्म पनि पाएको छैन। तर आज विरामी कुकुरप्रति मालिकका परिवारले देखाएका सहानुभूति देखेर सानु जिल्लिएको छ। यी घटनालाई समाजमा रहेको वर्गीय असमानताको कारण उत्पन्न भएको परिस्थितिको उपज हो भनेर सहजै अनुमान लगाउन सकिन्छ।

प्रस्तुत कथामा घटनाक्रम हेर्दा समाजमा यतिसम्म कमजोर मानसिकता भएका मानव प्राणी पाइन्छन्। जो सधैं आफू प्रभुत्वशाली वर्गको हुँ भन्ने घमण्डको कारण मानिसहरू नै मानिस माथि अमानवीय, उपेक्षित, जङ्गली व्यवहार गरिरहेका छन्। यस्ता अमानवीय आदतलाई उनीहरू सदियौँदेखि चलिआएको आफ्नै पैतृक/पेवा सम्पत्ति ठान्छन्। उच्च वर्गको अधीनस्थताको कारण उत्पीडितको जीवनमा न्यानो घाम लाग्न पाएको छैन। यसरी सधैव प्रभुत्वशाली वर्गको अधीनस्थतामा रहेर डर, त्रास र धम्कीपूर्ण वातावरणमा तिरस्कृत भएर जीविकोपार्जन गर्नु नोकर सानुको समस्या नै कथाको मूल समस्या हो। उक्त समस्या एउटा नेपाली कथाभित्रको पात्रको समस्या मात्र नभएर आम नेपाली श्रमजीवि वर्गका समस्या हो भनेर अनुभूति गर्न सकिन्छ।

यहाँ उच्च वर्गीय संस्कृत भएका मालिकका परिवार र सबाल्टर्न बन्न/बनिन बाध्य भएका/पारिएका सानु (नोकर) को परिवार बीच सृजित असमानता छ। हेर्दा लाग्छ सदियौँ देखिको यस प्रकारको वर्गीय विभेदलाई चुपचाप सहनु नै (सानु) नोकर जस्ता कयौँ निम्नवर्गका समुदायका एक छुट्टै सबाल्टर्नपरक संस्कृति बनिसकेको छ। जो सबाल्टर्न छन् उनीहरू स्वयम् प्रतिरोधमा उत्रिन चाहेका देखिँदैनन्। अरू कसैले उनीहरूका आवाज बोलिदिन आवश्यक देखिन्छ। आर्थिक रूपमा विपन्नताका कारण उनीहरू उत्पीडन र अन्याय सहन बाध्य छन्/भनौँ या उनीहरूलाई बाध्य पारिएको छ। अर्थात् अर्को पक्ष के पनि छ भने तत्कालीन समाज व्यवस्थाले निर्माण गरेको प्रभुत्वशाली संस्कृति कुनै पनि अवस्थामा निम्न वर्ग, जातिसँग सम्झौता गर्ने पक्षमा देखिँदैनन्। जुन कुरा झन समस्याको मूल जड बनेर ठडिरहेको छ।

सबाल्टर्नका प्रतिनिधि पात्र सानु र उसका परिवारजस्तै समाजमा कयौँ अन्य श्रमजीवी वर्ग छन्। उनीहरूभित्र चेतना छ, ज्ञान छ, शक्ति पनि छ। तर ... प्रभुत्वशाली संस्कृतिले निर्माण गरेको विमर्शबाट उनीहरू अवरजन भएका देखिन्छन्। चेतना, ज्ञान, शक्ति हुँदाहुँदै पनि यी सारा अन्याय, अत्याचार, वर्गीय विभेद सहेर बस्नु नै आफ्नो संस्कृति सम्झन्छन्। जसकारण वर्गद्वन्द्व उत्कर्षमा पुग्न नपाई बीचैमा साम्य भएको जस्तो देखिन्छ। जसको फाइदा पुनः उच्च वर्गका समुदायलाई नै पुग्ने देखिन्छ।

समाजमा आर्थिक रूपमा विपन्न वर्ग तथा तल्ला जातिहरू आफैँमा हरेक क्षेत्रमा सबाल्टर्न थिए। अझ प्रभुत्वशाली, सामन्तवादी जो समाजमा अलिकति शिक्षित धनी, माथिल्ला वर्ग, जातिकाहरू भनाउँदा छन् उनीहरू सधैँ ती वर्गका

समुदायलाई अवरजन बनाइरहन तत्पर देखिन्छन् । परिणामस्वरूप सामनतवादी र पुँजीवादी शासन व्यवस्थाले निर्माण गरेको संस्कृतिको प्रभाव श्रमजीवी वर्गका जीवनका सबै क्षेत्रसम्म पुग्दछ। अर्थात् उनीहरू सधैँ आर्थिक, सामाजिक, धार्मिक, राजनीतिक हरेक कोणबाट चरम विभेद र उत्पीडन खप्न बाध्य बनिरहने छन् ।

वर्गविभेदका आधारमा निर्मित सामाजिक संरचनालाई एकैपटक किनारामा पुऱ्याइने होइन् उक्त वर्गलाई सधैँ दमन नै गरिरहनुपर्छ भन्ने मानसिकता भएका प्राणी जो छन् । उनीहरू सबाल्टर्नप्रति कहिल्यै सहानुभूति देखाउन चाहँदैनन् । तिनीहरू सधैँ वर्गीय समाज जो आफू अनुकूलको सामाजिक मापदण्डको निर्माण गरी त्यसैका आधारमा निम्नवर्गका व्यक्तिका सुखभाँडोको चाहना समाप्त पारी उनीहरूलाई सीमान्तकृत बनाइरहन्छन् । अर्थात् आफूमाथि भएको अन्याय र शोषण विरुद्ध बेखबर पारी यसलाई नियति कै रूपमा स्वीकार गर्न बाध्य पारिदिन्छन् ।

कथामा नोकर (सानु) र उसका परिवारले बाँचेको जीवन उनीहरूका चाहनाको जीवन होइन। समाजद्वारा निर्मित आर्थिक अवस्थाले निम्त्याएको विषम परिस्थितिको उपज हो। वर्ग विभेदको कारण सानु (नोकर) अन्याय/अत्याचार सहेर जीविकोपार्जन गर्न बाध्य छ। कथामा आएका यस्तै तथ्यलाई आधार मानेर विभिन्न दृष्टिकोणबाट अध्ययन अनुसन्धान गर्दा प्रस्तुत कथा वर्गीय सबाल्टर्न भन्न उपयुक्त देखिन्छ।

**'मालिकको कुकुर' वर्ग संस्कृति र प्रतिरोधको चेतना**

"मालिकको कुकुर" कथामा दुईओटा संस्कृति प्रस्तुत भएका छन् । जो प्रभुत्वशाली संस्कृति र अर्को निम्नवर्ग सधैँ दमित अवस्थामा रहन्छन् । कथामा मालिक सामन्तवादी समाज व्यवस्थाको आडमा आफूभन्दा निम्न वर्गमाथि अन्याय, अत्याचार र उत्पीडन गर्दै आइरहेका छन् ।

आर्थिक अवस्था कमजोर भएकै कारण सानु (नोकर) मालिकको घरमा नोकर बसेको छ। प्रभुत्वशाली संस्कृतिको चेपुवामा पिल्सिँदै उसले आफ्नो जीवन उपेक्षित पात्र बनेर बिताएको छ। कथामा मालिकका परिवारले प्रभुत्वशाली संस्कृतिको प्रतिनिधि गरेका छन् भने (नोकर) सानु सबाल्टर्न संस्कृतिको प्रतिनिधि पात्र हो ।

प्रभुत्वशाली संस्कृतिले निम्न वर्गका स्थितिमा जीविकोपार्जन गरिरहेका सानु (नोकर) को परिवारलाई सधैँभरि उत्पीडनमा राखेको छ। मानिसको दर्जा दिन समेत हिच्किचाएको तथ्य कथामा प्रशस्त पाइन्छन्। कथामा मालिकका उल्लिखित अभिव्यक्तिले सबाल्टर्नप्रति हेर्ने दृष्टिकोण र गर्ने व्यवहारलाई छर्लङ्ग पारेको छ।

कथाको सुरुवाती प्रसङ्गमा नोकर (सानु) ले मालिक भनाउँदा अर्थात् उच्च वर्गले निर्माण गरेको संस्कृतिलाई लाचार भएर स्वीकार गरिरहेको छ। एउटा जनावर बराबर पनि आफ्नो जीवन अस्तित्व नरहेको देख्दा (नोकर) सानुको मनमा अनेक विद्रोहको भाव प्रस्फुटित भइरहन्छ। तर आफ्नो आर्थिक हैसियत कमजोर भएको कारण यी सब शोषण, अत्याचार र दमन चुपचाप सहन बाध्य छ। कहिल्यै विरोधाभाष प्रयोग गर्न सक्दैन। वर्गद्वन्द्वको कुनै सूचक बाहिर ल्याउँदैन। ऊ सधैँ समाजका सांस्कृतिक सीमाहरूमा तात्विकभन्दा पनि निर्मित तहको सिकार बनेको देखिन्छ।

निम्नवर्ग सधैँ दमित अवस्थामा रहन्छन् । र तिनीहरूलाई जसरी पनि तल्लो अवस्थामा नै राख्नुपर्दछ भन्ने मान्यता राखेर बसेका मालिक र मालिकका परिवारका अगाडि नोकर सानु कहिल्यै प्रतिरोधमा उत्रिएको छैन। मालिकको घरमा वर्षौं भयो नोकर बनेर बसेको तर उसले आफ्नो पारिवारिक आर्थिक जीवनमा उज्यालो ल्याउन सकेन। ऊ कहिल्यै आत्मनिर्भर हुन सकेको छैन। भनौं या समाजमा विद्यमान सम्पत्ति र पुँजीको असमान वितरणले त्यसो हुन दिएको छैन। 'कुकुर' जनावरले समेत उच्चस्तरीय सेवा, सुविधा पाउँदा अवरजन चरित्र (नोकर) सानु भने जीवनका आधारभूत आवश्यकता सेवा, सुविधा र अधिकारबाट सधैँ वञ्चित भएको छ।

कथामा वर्णित प्रमुख चरित्र (नोकर) सानु मालिक र मालिकका परिवारबाट सधैँ अपहेलित हुनु परेको छ। उसलाई अबला बनाइएको छ। सानुलाई यो हदसम्म दमित बनाउँदा पनि उनीहरूमा अलिकति पनि पश्चाताप र अपराधबोध भएको पाइँदैन ।

उनीहरू एउटा अबोध, निमुखा, निर्धो, निम्न वर्गीय नोकरलाई सधैँ आवाजविहीन अवस्थामा पुऱ्याउनुलाई प्रभुत्वशाली वर्गको संस्कृति ठान्दछन् । अर्थात् सम्भ्रान्त वर्गका हैकमवादी अहमता महसुस गर्दछन् ।

कथालाई सरल भाषामा बुझ्दा एउटा कुकुर विरामी पर्नु, अनि मर्नु सामान्य लाग्छ। घटना सामान्य लाग्ने जस्तो भए तापनि कथामा घटित पर्दा पछाडिको दृश्यले समाजमा रहेको विकराल आर्थिक असमानताको खाडलाई उजागर गरिरहेको छ। जसको ज्वलन्त उदाहरणीय चरित्र हो सानु । समाजको स्थापित सामाजिक संरचनाले सानुलाई अन्यायपूर्ण ढङ्गले सीमान्तकृत बनाई कष्टपूर्ण जीविकोपार्जन गर्न विवश तुल्याएको छ। उक्त सन्दर्भलाई प्रमुखताका साथ प्रस्तुत गरिएको यस कथामा नोकरको आवाजलाई दबाइएका छन् । उक्त घटनालाई पुष्टि गर्ने तथ्यलाई साक्ष्यको रूपमा यहाँ प्रस्तुत गरिएको छ ः

> कुकुरले छेऱ्यो, बान्ता गऱ्यो -रिङ्रिङटी घुम्न लाग्यो । होइन, मालिकलाई भन्न जानैपर्छ । सानु भऱ्याङ खुड्किला छिटो छिटो बढ्न थाल्यो तर भऱ्याङको बीचमा पुगेपछि ऊ रोकियो । एकछिन सोच्यो फेरि चढ्यो । अहिले बिस्तारै/बिस्तारै जाउँ कि नजाऊँ झैँ गरेर, आफ्नो पैतालालाई ध्यान दिएर सुनेझैँ गरेर चढ्न थाल्यो । मानौँ कुकुर बिरामी हुनुमा उसैको दोष हो, मानौ उसैले केही ख्वाएर बिरामी परेको हो । (पृ. ५५)

निम्नवर्गीय संस्कृतिको चरित्र बोकेको (नोकर) सानु कुकुर विरामी परेको खबर मालिकलाई सुनाउन डराउँछ। ऊ हरेक घटनालाई आफ्नै कमजोरी सम्झन्छ। यो हुनुमा उसको केही दोष छैन। प्रभुत्वशाली वर्ग संस्कृतिको प्रतिनिधि पात्रहरूको व्यवहारले उसलाई आवाजविहीन बनाइएको छ, दबाइएको छ। उच्च वर्ग भनाउँदाहरूले उसलाई आवश्यकताभन्दा बढी पीडा र दबाब दिएका छन् परिणामस्वरूप आफूभित्र चेतनाको भण्डार हुँदाहुँदै पनि ऊ अचेतन सरह जीवन व्यथित गरिरहेको छ।

कुकुर विरामी परेको खबर घरमा फैलिनासाथ मालिकलगायत घरका सबै परिवारमा दबाब र तनाव दुवै अवस्था सिर्जना भयो। नोकर सानुलाई मालिकले विरामी कुकुर जाँच गर्ने रतनलाललाई बोलाएर ल्या भने। उसले पनि रतनलाललाई बोलाएर ल्यायो। रतनलालले कुकुरको उपचाय सुरु गरे तर कुकुर बाँचेन। घर शोकमग्न भयो घरका सबै सदस्यलाई असह्य पीडाले थिचेझैँ अनुभूति भयो। अझ धेरै मात्रामा मालिकलाई !

तर सानुलाई कुकुर मरेकोमा कुनै चिन्ता छैन। ऊ त्यो समयमा आफ्नो घर परिवार छोरा, छोरी, श्रीमती सम्झेर निरास बन्न पुग्यो ... आफ्नो तीन वर्षको छोरोलाई वैद्यले भने बमोजिम ओखती ख्वाएथ्यो तर बाँचेन किनभने डाक्टरको ओखती गर्न र इन्जेक्सन दिनलाई उसको औकातले पुग्दैन थियो।

कति निरीह अनि उजाडलाग्दो छ सानुको विगत अनि वर्तमान जीवन कहानी - तर जे होस् मालिकको कुकुर मर्दा मालिकसँगै शोकमग्न भई पीरमा डुबेर बसेको छैन सानु। बरु आफ्नै बितेका दुःख कहानी सम्झेर विरक्तिएको छ, टोल्याएको छ। कुकुरको मृत्यु हुनुसँग उसको कहालीलाग्दो जीवन कहानीको के सम्बन्ध छ र ? दुःखी हुनुलाई। हुनत यसलाई एक हदसम्मको साङ्केतिक विरोध मान्न सकिन्छ। अर्थात् यहाँ हामीले सानुको चरित्रमा लेखकीय झुकाव पनि अनुभूति गर्न सकिन्छ।

कुकुरको मृत्युपश्चात् भावविह्वल भएका मालिकका परिवारलाई देखेर आफू र आफ्नो परिवारप्रति बेवास्ता, बेखर बसेको कुरा सानुले अझ राम्ररी अनुभूति गर्न थाल्यो। यी सबै घटनाले गर्दा सानु (नोकर)को मनभित्र विद्रोहको भाव विस्तारै जुर्मुराइरहेको छ। तर सानु एक्लो छ। उसको आवाज बुलन्द पारिदिन सहयोग गरिदिने कोही छैन। त्यसैले वर्गीय तहमा च्यापिएको सीमान्तीय सानु विद्रोहात्मक अवस्थामा पुग्न नसकेको अवस्था यस कथामा प्रकट भएको छ।

कुकुरको मृत्युपश्चात् मालिकले (सानु) नोकरलाई सुरक्षित स्थानमा राम्ररी गाडेर आइज भनी सबै बन्दोबस्त मिलाई बाटो लगाउँछन्। कुममा सेतो कपडाले मोडेर कुकुर बोकी नोकर (सानु) बाटो लाग्छ। जति, जति ऊ अघि बढ्दै जान्छ उति नै विगत सम्झेर सानुलाई सही नसक्नु हुन्छ। अति भएपछि जे कुराको पनि सहन क्षमता कम हुँदै जान्छ भनेझैँ सानु (नोकर) को मनमा पनि विद्रोहको भाव सचेत भएर प्रस्फुटित हुन खोज्छ। सानु यी सबै कुकृत्यहरूको विरोधमा उत्रन चाहन्छ। जीवनभर त्यही कुकुरको निउँमा साहुको हेपाई खपेर, सहेर जीविकोपार्जन गर्दाको कष्टपूर्ण दिनहरू सम्झन्छ। उसको मनमा कुकुरप्रति

सुप्त, इर्ष्या, डाहा र घृणा जागेर आयो । आफूले कुकुरलाई जति माया, स्याहार, सुसार गरे पनि सधैँ उसलाई भने बेइमानी गराएको थियो । कुकुरले समेत उसलाई हेपेको सम्झ्यो । कयौँपटक बेइज्जती सहनुपर्दाको पीडा सम्झेर उसलाई असह्य भएर आयो ।

कथामा उल्लिखित यी तथ्यभित्र धेरै नै विरोध र प्रतिशोधको चेतनाहरू जुर्मुराएको देखिन्छन् । ऊ प्रभुत्वशाली संस्कृतिको अन्त्य गर्न चाहन्छ तर खुलेर विरोध गर्न सक्दैन । मालिकको उत्पीडनकारी संस्कृति र चरित्रको विरुद्ध आवाज उठाउन खोज्छ । शासकहरूको वर्गीय हिंसात्मक दृष्टिकोण विरुद्ध उत्रन चाहन्छ । तर उसको आवाज कसले सुन्ने र सम्बोधन गरिदिने ?

सबाल्टर्न चेतना भएकाहरूको कथा हो तर उनीहरूलाई चेतनाहीन बनाइएको छ । आफ्नो आवाज आफैँ उठाउन सक्दैनन् । उनीहरूका निम्ति अरू कसैले बोलिदिनुपर्छ भन्ने लेखकको आशय पनि झल्कन्छ । समाख्याताले अवरजन पक्षको खुलेर समर्थन नगरे तापनि सूक्ष्म रूपमा यही अनुभूत गराउँछ । समाजमा सबाल्टर्नले बोल्न नसकेका अवस्थामा उनीहरूको कुरा कसले बोलिदिने ? भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ र अवरजनका यही कुरा नै मुख्य समस्या पनि हो । जुन समुदाय सधैँ प्रभुत्वशाली वर्गका संस्कृति विरुद्ध बोल्न सक्दैनन् । आफ्नो मनभित्र दमनकारी पीडादबाउन बाहेक केही गर्न सक्दैन । या त दमनकारीहरूले त्यस्तै नसक्ने बनाइदिएका छन् । जुन कुराको मुख्य जड भनेकै वर्गीय असमानता हो । यो अवस्थामा जो समाजमा चेतनशील, समाजको प्रबुद्धवर्ग, क्रियाशील वर्ग छ उनीहरूले सबाल्टर्नका व्यथा बोलिदिनुपर्छ अर्थात् साथ दिनुपर्ने हुन्छ । तर ... उल्टै उनीहरू नै शोषण गर्न अग्रसर देखिन्छ । त्यति मात्र नभएर वर्गीय रूपमा सबाल्टर्न पारिएका समुदायका पनि आवाज केन्द्रमा आए प्रभुत्वशाली वर्गलाई चुनौती हुन सक्छ । त्यसकारण प्रभुत्वशाली वर्ग शिक्षित भए तापनि तिनीहरूभित्रको यही उच्च अहम्ताले गर्दा आफ्नो शक्तिको आडमा उनीहरूलाई अवरजन बनाइरहन चाहन्छन् ।

यस्तो जटिल परिस्थितिको बाबजुद पनि अवरजन सम्बन्धी चर्चा मुख्यतः सानुको सन्दर्भबाट अघि सार्ने क्रममा कथाको अन्त्यमा मीठासपूर्ण ढङ्गले कथाकारको झुकाव सबाल्टर्नका पक्षमा देखिन्छ । सामाजिक, आर्थिक दर्जा र स्थानमा कमजोर भएकै कारण अवरजन बन्न बाध्य सानुभित्र पनि चेतना छ, ऊ आफू अन्यायमा परेको छु भन्ने कुराको अनुभूति गर्न सक्छ । परिणामस्वरूप अन्त्यमा उसले अप्रत्यक्ष रूपमा सूक्ष्म तरिकाले अर्थात् साङ्केतिक ढङ्गबाट मिठासपूर्ण विद्रोह गरेको छ । कुकुरलाई मालिकले भनेबमोजिम सुरक्षित स्थानमा जमिनमुनि नगाडेर बाटामुनि त्यत्तिकै मिल्काइदिन्छ । मरेको कुकुर देख्दा रिस उठ्नु, मालिक र उसका घरका अन्य परिवारले ऊप्रति गरेको घृणित व्यवहार सम्झँदा क्रोधले मुरमुरिनु, कुकुरलाई बाटैमा मिल्काई मोहर, चामल र कपडा खल्तीको खल्ती नै फर्काउनु जस्ता तथ्यबाट विद्रोहको भाव उत्पन्न भएको बुझाउँछ ।

यी तथ्यहरू आफैंमा विद्रोहको सङ्केत त हो नै साथै सानुलाई अब विद्रोहमा उतार्न खोज्नु लेखक वा समाख्याताको अवरजनप्रतिको सकारात्मक झुकाव पनि बुझिन्छ । सानु अब विद्रोह गर्न चाहन्छ । यो उसको प्रयास हो । अब समाजमा विस्तारै अवरजन आफ्नो अधिकारका लागि लड्दैछन् । उनीहरूलाई समाज वा राज्यबाट सहयोग गर्नुपर्छ । आवाज बुलन्द गरिनुपर्छ भन्ने समाख्याताको सूक्ष्म दृष्टिकोण रहेको स्पष्ट हुन्छ ।

मनभित्र जतिसुकै डर, त्रास, भय अनि अभावको पीडाहरूले डेरा जमाए पनि कथाकारले सबाल्टर्न सानु (नोकर) लाई सशक्त रूपमा अत्यन्तै प्रभावकारी ढङ्गले प्रतिकारमा उतारेका छन् । नोकर सानुको मनभित्र पूर्ण रूपमा प्रतिशोधको चेतना जागृत भएको छ । मनभित्रका डर, त्रासलाई पन्छाउँदै ऊ प्रतिरोधमा उत्रिएको छ । यो परिस्थितिमा उसलाई अब कसैले अलिकति साथ र हात दिन सहयोग गरिदिने अर्थात् उसको आवाज सुनेर सम्बोधन गरिदिने हो भने ऊ आफूभित्रको असह्य पीडा र व्यथा भुलेर खुलेआम मालिकको अगाडि विद्रोहमा उत्रिने थियो । आफ्नो बुलन्द आवाज लिएर अगाडि बढ्ने थियो भन्ने आशयसहित कथाकारले सानुको चरित्रमा साहस थपिदिएका छन् ।

सबाल्टर्न सानुको मनमा शोषण र विरोधमा उत्रने चेतनाको लहर उदाउँदैछ । प्रभुत्वशाली संस्कृतिको दबदबाबाट ऊ उम्कन चाहन्छ । उभित्र जुर्मुराएको प्रतिरोधी चेतना झल्काउने तथ्यलाई यहाँ साक्ष्यको रूपमा हेरौँ :

> *" ... भुत्रैसिति जे पर्ला पर्ला । एकाएक उसले कुकुरको खुट्टा समातेर कुकुरतिर हेर्दै घिसार्दै दौड्यो र बाग्मती नपुग्दै बीचै बाटोमा परेको एउटा खाल्डोमा फ्याँकिदियो । मोहर, चामल र कपडा खल्तीको खल्ती मै फर्क्यो (पृ. ६१) ।*

उक्त तथ्यले सानु शोषण र शासनका विरुद्ध प्रतिरोधमा उत्रिएको बुझाउँछ। मालिकको अगाडि विना गल्ती उभिन समेत लरबराउने नोकरले यी क्रियाकलाप गर्न सक्नु सबाल्टर्नको ठूलो उपलब्धि मानिन्छ।

**निष्कर्ष**

कथाकार गोविन्दबहादुर मल्ल गोठालेद्वारा लिखित "कथैकथा" कथासङ्ग्रहभित्र समाविष्ट "मालिकको कुकुर" कथा सबाल्टर्नका दृष्टिले उपयुक्त रहेको छ। प्रस्तुत कथामा कथाकारले समाजमा भएका यथार्थ सामाजिक विषयवस्तुलाई छर्लङ्ग रूपमा प्रस्तुत गरेका छन् । सबाल्टर्नका प्रतिनिधि पात्र सानु (नोकर) को माध्यमबाट समाजमा प्रभुत्वशाली वर्गले आफ्नो शक्तिको आडमा सीमान्तकृत पारिएका पात्रका जटिलतालाई मार्मिक रूपमा प्रस्तुत गरेका छन् । कथामा अवरजन चरित्र सानुलाई मुख्य भूमिकामा उपस्थित गराइएको छ। यहाँ वर्गीय रूपमा सबाल्टर्न सानुको परिवार प्रभुत्वशाली पिँढीको संस्कृतिलाई सहज रूपमा स्वीकार्नुलाई आफ्नो संस्कृति ठान्दछन् । जुन संस्कृतिभित्र कयौँ समस्याहरू लुकेर रहेका हुन्छन् । त्यसकारण प्रभुत्वशाली वर्गद्वारा निर्मित उक्त संस्कृतिको प्रहारबाट उब्जेका समस्याहरू यहाँ विवेचनाका विषय बनेका छन् । अवरजन निर्धानिमुखा भएकाले बोल्न सक्दैनन् भन्ने मानिन्छ। त्यस्तै उक्त कथामा पनि सानु अवरजनबाट मुक्ति पाउने मानसिकताबाट प्रेरित भएको देखिँदैन। ऊ सामाजिक दृष्टिले निर्धो चरित्र देखिन्छ। अर्थात् गोठालेले उक्त कथामा अवरजनलाई सामाजिक यथार्थवादी ढङ्गबाट चित्रण गरेका छन् । कथामा कुकुर विरामी भएर मर्नुलाई मुख्य घटना बनाइएको छ। तर प्रमुख उद्देश्य सानुको चरित्रबाट सबाल्टर्नका वर्गीय स्थिति, अवस्था, सकस, विवशता, आदिको चित्रण गर्नु रहेको छ। कथाकार गोठालेले कथाको सुरु अर्थात् मध्य भागसम्म सानु (नोकर) लाई सामाजिक दृष्टिले निर्धो चरित्रमा उपस्थिति गराइरहँदा कथा अन्त्यभागमा अवरजन सानु वाचल भएको प्रस्तुति छ। कथा अन्त्यमा मालिकको हुकुम विपरीत सानु ( नोकर) ले जुन कार्य गऱ्यो त्यो अत्यन्तै मीठासपूर्ण छ। जसलाई हामी शोषण र दमनको विरोधमा सबाल्टर्नमा चेतनाको लहर उदाउनु हो भन्न सक्छौँ । उक्त कार्य नेपाली सबाल्टर्न समाजका लागि महत्त्वपूर्ण उपस्थिति मानिन्छ। अवरजनका यथार्थपरक उल्लेख्य एवम् महत्त्वपूर्ण उपस्थिति रहेको प्रस्तुत कथामा निम्नवर्गीय सबाल्टर्न पात्र सानुलाई कथाको अन्त्यमा शोषण र दमनको विरोधमा उतारिएका तथ्यहरूले लेखकीय दृष्टिकोण सबाल्टर्न पक्षमा रहेको प्रष्टिएको छ। कथाकार गोठालेका प्रस्तुत कथा मर्मस्पर्शी हुनुका साथै प्रभावकारी पनि छ। यसले एउटा कालखण्डको नेपाली समाजमा रहेको वर्गीय असमानता र त्यसभित्रको जीवनानुभूतिलाई कलात्मक, विश्वसनीय तथा प्रभावकारी ढङ्गले प्रस्तुत गरेको छ। माथि उल्लिखित विविध विवेच्य आधारहरू नै प्रस्तुत अध्ययनको प्राप्ति सूचक रहेको निष्कर्ष निकालिएको छ।

**सन्दर्भ सामग्रीसूची**

क्षितिज, महेश (२०७१), *व्यावहारिक समालोचनाका केही आयाम,* काठमाडौँ : दीक्षान्त प्रकाशन।

गैरे, शङ्करप्रसाद (२०७९), "भर्जिन कथामा सबाल्टर्न", *प्राज्ञिक विमर्श,* ४/७, पृष्ठ ७७-८४।

गोठाले, गोविन्दबहादुर मल्ल (२०५३), *कथैकथा,* आठौँ संस्करण, ललितपुर : साझा प्रकाशन।

गौतम, कृष्ण (२०७३), "वी.पी. र सबाल्टर्न", *भृकुटी,* पृ. ५२।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन।

पोखेल, गोकुल (२०७१), *विशेष प्रायोगिक नेपाली समालोचना,* पाँचथर।

भट्टराई, रमेशप्रसाद (२०७७), *आधुनिक नेपाली उपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) विश्लेषण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन।

भट्टराई, रमेशप्रसाद (२०७८), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* पुनः मुद्रण, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०७८), *समालोचनाका नयाँ कोण,* काठमाडौं : ओरिएन्टल पब्लिकेसन हाउस ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा, सबाल्टर्न,* दोस्रो संस्क., काठमाडौं : डिस्कोर्स पब्लिकेसन ।

Alam, J . (2016) . Peasantry, Politics, and Historiography: Critique of New Trend in Relation to Marxisms, Subaltern Studies, Delhi: D . 28 . Oxford Aparments, 11, I.P . Extension .

Chatterjee, P . (2010), "Subaltern Studies VII' Writing on South Asian History and Society, Delhi : Oxford University Press .

Chopra, R . and Others (2016), Subaltern Studies II : A Review Article, Subaltern Studies, Delhi: D . 28 . Oxford Aparments, 11, I.P . Extension.

Gupta, R.D., (2016) . Significance of Non-subaltern studies, Delhi: D . 28 . Oxford Aparments, 11, I.P . Extension.

Hanion, R.O . (2016) . Recovering the Subject: Subaltern Studies and Histories of Resistance in Colonial South Asia, Subaltern Studies, Delhi: D . 28 . Oxford Aparments, 11, I.P . Extension.

Krishnon, S . (2016) . "Situation the subaltern : History and Anthropology in the Subaltern Studies Project", Subaltern Studies, Delhi: D . 28 . Oxford Aparments, 11, I.P . Extension.

Ludden, D . (2016), "A Brief of Subalternity" Subaltern Studies, Delhi: D . 28 . Oxford Aparments, 11, I.P . Extension.

Masselos, J . (2016), The Dis/appearance of subalterns: A reading of a Decade of Subaltern Studies . Delhi: D . 28 . Oxford Aparments, 11, I.P . Extension.